# गाई भैसी पालन तथा मूल्यश्रृङ्खलामाआधारितअनुदान वितरण कार्यबिधि,२०७५

## प्रस्तावना

गल्याङ् नगरपालिकाको ग्रामिण क्षेत्रमा गाई तथा भैसी पालन ब्याबसाय परम्परागत रूपमा संचालन हुदै आएको छ। यस नगरपालिकाको भौगोलिक परिबेश पशुपालनमा आधारित कृषि प्रणाली ,पशुपालन ब्यबसायमा कृषकहरूको परम्परागत संग्लनता एबं अनुभब गाई □भैसीको बर्तमान उत्पादकत्व बढाउन सकिने उच्च सम्भाब्यता दुग्ध प्रशोघन उघोगहरूको बिकास आदि कारणले दुग्ध क्षेत्रको दिगो बिकास मार्फत गरिबी निबारणमा सधाउ पुरयाउन सकिने प्रचुर सम्भाबना रहेको छ।

परम्परागत निर्बाहमुखि पशुपालन पेशालाई मर्यादित, आयमुलक,प्रर्तिस्पर्धि र ब्यबसायमुलक पद्धतिमा रूपान्तरण गर्न स्वच्छ एबं गुणस्तरिय दुग्ध उत्पादनको महत्व बारे चेतनाको साथै रोजगारीमूलक ब्यबसायको बिकास गरि गरिबी निबारण गर्ने काममा सहयोग पूरयाउँन उन्नत जातको पशु पालनमा लगानी गरि उत्पादन तथा प्रशोधन गल्याङ् नगरपालिकामा गरि अरू ठाउँबाट आयतित दुध तथा दुग्ध पद्धार्थहरू प्रर्तिस्पादन गर्दै दुग्ध बिकासलाई सफल एबं उपलब्धिमूलक बनाउँन तथा कृषकहरूको आर्थिक उन्नतिको लागि स्पष्ट लक्ष्य किटानसाथ कार्यहरूलाई अभिप्रेरित गरि नयाँ नयाँ प्रबिधिभित्राउने दुग्ध ब्यबसायमा टेवा तथा किसानको आयमा बृद्धिको साथै नेपालको अर्थतन्त्रमा योगदान पुरयाउँने उद्देश्यले यस नगरपालिकाको एक नगर एक उत्पादनको नीतिलाई आत्मसात गर्दै नगरपालिका क्षेत्रभित्र रहने दुग्ध उत्पादक किसानहरु, कृषि फर्महरु,कृषिसहकारी संस्थाहरु, कृषिमा आधारित कम्पनीहरु र कृषि सम्बन्धिसमुहहरुलाई आर्थिक अनुदान उपलब्ध गराउने कार्यबिधिको आवश्यकता महसुस गरी यो **गाई भैसी पालन तथा मूल्यश्रृङ्खलामा आधारित अनुदान वितरण कार्यबिधि** बनाई लागु गरिएको छ।

१. कार्यबिधिको नाम र प्रार्म्भः

क) यस कार्यबिधिको नाम "**गाई भैसी पालन तथा मूल्यश्रृङ्खलामा आधारित अनुदान वितरण कार्यबिधि, २०७५**"रहने छ।

ख) यो कार्यबिधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा :

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

क) "अनुदान" भन्नाले गल्याङ्ग नगरपालिकाले उपलब्ध गराउने निःशुल्क रकमलाई सम्झनु पर्छ। सो अनुदान दुधालु गाई भैसी खरिद, गोठ, निर्माण, गाई भैसीको बिमा र दुधबाट

उत्पादन हुने दही,नौनी (बटर) ध्यू, छुर्पी,आईसक्रिम आदि बनाउने मेसिनरी औजारमा हुनेछ ।

ख) “दुधालु पशु” भन्नाले उन्नत जातका गाई भैसीलाई सम्झनु पर्छ । सो शब्दले काठे गाईभैसीलाई जनाउने छैन।

ग) “अनुदान बितरण समिति” भन्नाले यस कार्यबिधि बमोजिम किसान,कृषक समुह, सहकारी, कम्पनीहरुलाई नगद तथा बस्तुगत अनुदान प्रदान गर्न गठन भएको समितिलाई सम्झनु पर्छ ।

घ) “कार्यबिधि” भन्नाले“**गाई भैसी पालन तथा मूल्यश्रृङ्खलामा आधारित अनुदान वितरण कार्यबिधि, २०७५**”लाई सम्झनु पर्छ ।

३. उद्देश्यहरु : -

१.यस नगरपालिका भित्र स्थायी रुपमा बसोबास गरेका किसानहरुबाट दुग्ध उत्पादन गर्ने ।

२.उक्त किसानहरुबाट संकलित दुग्ध संकलन तथा बिक्रि केन्द्र स्थापना गर्ने ।

३. उन्नत जातका गाई भैसीहरु यस नगरपालिकामा भित्राईने ।

४. उन्नत जातको घाँसको उत्पादन गर्न तत्सम्बन्धी काम गर्ने ।

५. किसानहरुलाई प्रोत्साहित गर्न तालिम,गोष्ठी, सेमिनारको व्यवस्था गर्ने ।

६. यस नगरपालिकालाई दुग्धजन्य पदार्थको उत्पादन, संकलन र बिक्रिबाट सेतो शहर (मिल्क सिटी) को रुपमा बिकास गर्ने ।

७.यस नगरपालिकाभित्रका व्यवसायिक पशुपालक कृषक, फार्म, दुग्ध उत्पादक सहकारी संस्था, दुग्धउद्योगहरुको क्षमता बिकासका लागि भौतिक तथा आर्थिक रुपमा अनुदान दिने ।

८. बिपन्न र एकल महिला किसानहरुको लागी बिशेष व्यवस्था गर्ने ।

९.दुग्ध व्यवसायी, कृषक/पशुपालक कृषकहरुको आय आर्जनमा टेवा पुऱ्याई कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउने ।

४.ऋणमा ब्याज अनुदान सम्बन्धी व्यवस्था : यस नगरपालिकाकोअनुदान सिफारीस समितिबाट स्वीकृत भएका उन्नत पशुहरु (दुधालु गाई/भैसी) खरिद गरी पालन गर्दा बैंक, सहकारी संस्था, तथा अन्य वित्तिय संस्थाबाट लिएको ऋणमा ४ प्रतिशत व्याज अनुदान दिईने छ । सो व्याज अनुदान रकम सम्वन्धीत बैंक, सहकारी संस्था, तथा अन्य वित्तियसंस्थालाईभुक्तानी दिईने छ ।

५. बिमा सम्बन्धी व्यवस्था : नेपाल सरकारबाट बिमामा ७५ प्रतिशत अनुदान हुने हुँदा यस नगरपालिकाबाट दुधालु गाई भैसीको बिमामा २५ प्रतिशत अनुदान दिई सम्पूर्ण किसान, कृषक समुह, सहकारी,फर्म, कम्पनीहरुको सबै दुधालु गाई भैसीमा बिमा गरी दिईने छ । पशुधनको सुरक्षण प्रदान गर्ने बिमा कम्पनी, संघ संस्था र सहकारी संस्थासंग प्रस्ताव आह्वान गरी छनोट

भएका प्रस्तावकसंग सम्झौता गरी तोकिएका गाई भैसीको बिमा गरि कार्यप्रगतिको आधारमा प्रभावग्राहि प्रस्तावकलाई २५ प्रतिशत अनुदान रकम नगरपालिकाबाट भुक्तानी गरिने छ ।नेपाल सरकारबाट प्राप्त हुने७५ प्रतिशत अनुदान सम्वन्धीत प्रस्तावकले नै माग दाबि गर्नुपर्ने छ ।

६. गल्याङ्ग नगरपालिका क्षेत्र भन्दा बाहिरबाट यो कार्यबिधि लागु भएको मितिदेखीखरिद गरी ल्याईएका सबै दुधालु गाई भैसी (उन्नत पशु) हरुमा यस नगरपालिकाले देहाय बमोजिमको रकम अनुदानमा उपलब्ध गराउने छ । अनुदान दिनका लागि दुधालु गाई/भैंसी खरिद गरिसकेको हुनु पर्ने छ ।

१. एक उन्नत पशु बराबर रु२०,०००/-

२.सबै दुधालु गाई भैसी (उन्नत पशु) बाट अनुदान लिने किसान, कृषक समुह, सहकारी,फर्म, कम्पनीले एकबर्षसम्म एक उन्नत पशु बराबर ९०० लिटर दुध बिक्रि गर्नु पर्नेछ । कम्तिमा पनि ७०० लिटर दुध बिक्रि नगरेमा अनुदान रकम फिर्ता गर्नु पर्नेछ । ९०० लिटर भन्दा बढी दुध बिक्रि गर्ने किसानलाई थप प्रोत्साहनको ब्यावस्था गर्न सकिने छ ।

७.दुधबाट उत्पादन हुने (मिल्क भ्यालु चेन) दही,नौनी (बटर), ध्यू, छुर्पी,आईसक्रिम बनाउने मेशिनरी औजार कृषक, सहकारी,समुह,कम्पनीलाई निश्चित कार्यबिधि निर्धारण गरी ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने व्यवस्था गरिनेछ । साथै मिल्किङ्ग मेशिन (दुधालु पशुहरुको थुनबाट स्वचालित रुपमा दुध दुहुन प्रयोग गरिने यन्त्र) किसानलाई ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने व्यवस्था गरिनेछ । कम्तीमा ५ बटा दुधालु पशु नभएमा अनुदानमा मिल्किङ्ग मेशिनउपलब्ध गराउने व्यवस्था हुनेछैन ।

८. प्राविधिक लागत अनुमानको आधारमा किसान, सहकारीखेती,कम्पनी,समुहले एकै ठाउँमा पशु पालन गर्नेलाई पुर्वाधार (गोठ) निर्माणमा अनुदानको व्यवस्था देहाय बमोजिम गरिनेछ ।

१. कम्तीमा २ वटा उन्नत पशु पाल्ने ५० बर्ष ननाघेकोएकल महिला र बिपन्न नागरिकलाईगोठ बनाउँदा एकमुष्ठ रु २५,०००/- सम्म अनुदान,

२. १० वटादेखि२० वटासम्म उन्नत पशु पाल्ने किसानलाई गोठ बनाउँदा ३० प्रतिशत अनुदान,

३. २१ वटादेखि५० वटासम्मउन्नत पशु पाल्ने किसानलाई गोठ बनाउँदा ४० प्रतिशत अनुदान, र

४. ५१ वटा देखि१०० वटासम्मउन्नत पशु पाल्ने किसानलाई गोठ बनाउँदा ५० प्रतिशत अनुदानदिन सकिनेछ ।

९. १० वटा भन्दा बढी उन्नत दुधालु/गाई भैसी पाल्ने किसान (ब्यक्ति) लाई यस नगरपालिकाले व्यवसायिक किसान घोषणा गरी परिचय पत्र उपलब्ध गराई सफलताको आधारमा पुरस्कारको व्यवस्था गरिनेछ । त्यस्ता किसानहरुलाई यस नगरपालिकाले गोष्ठी,सेमिनार र तालिमको बिशेष व्यवस्था गर्न सक्नेछ ।

१०.उन्नत/दुधालुगाई भैसी खरिद बिक्रिको लागि श्रोत केन्द्र स्थापनाः यस गल्याङ्ग नगरपालिकास्तरिय उन्नत दुधालु/गाई भैसी खरिदबिक्रिको लागिएकश्रोत केन्द्र स्थापना गरिनेछ । सो श्रोतकेन्द्र स्थापनाको लागि कृषक समुह, सहकारी, कृषि फर्म तथा कम्पनीहरुसंग प्रस्ताव आव्हान गरिनेछ । सो श्रोत केन्द्र स्थापनामा पुर्वाधार निर्माणका लागियस नगरपालिकाले लागत अनुमानको ६० प्रतिशतसम्म अनुदान दिन सक्नेछ । अनुदान प्राप्तगर्नका लागि उक्त पुर्वाधारले चर्चेको जग्गा धनीपुर्जा उपलब्ध गराउनुपर्नेछ । सो जग्गा र पुर्वाधार खरिद बिक्रिमा नगरपालिकाले रोक लगाउन सक्नेछ । आर्थिक वर्षमा कम्तिमा १५० उन्नत गाई भैंसीको खरिद विक्री गर्नु पर्ने छ । सो कारोबार नपुऱ्याएमा अनुदान फिर्ता गर्नु पर्नेछ । तर, यस्तो श्रोत केन्द्र सञ्चालकले बिस हजार प्रति दुधालु पशु बापतको अनुदान पाउने छैन ।

११.किसान,फर्म, सहकारी,समुह,कम्पनीहरुबाट संकलित दुध स्थानीय बजारमा बिक्रि गरी बाँकी दुध खुल्ला प्रतिस्पर्धाको आधारमा बिक्रि गरिनेछ । दुग्ध बिक्रिको लागि किसानको माग अनुसार आबश्यकता अनुसार सहकारी वा केन्द्र स्थापना गरिनेछ। स्थानीय बजारमा बिक्रि भै नसकेका बाँक दुध दुग्ध बिकास संस्थानलाई बिक्रि गरिनेछ।

१२. प्रस्ताव आह्वानः गाई￼भैसी पालन तथा मूल्यश्रृङ्खलामा आधारित अनुदानको लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ। प्रस्ताब अह्वानको सूचना प्रकाशित गरिएको १५ दिनभित्र यस कार्यालयमाअनुसूची १ बमोजिमको ढाँचामा प्रस्ताब पेश गर्नुपर्नेछ।

१३.यस नगरपालिकाभित्र स्थायी रुपमा बसोबास गर्ने किसानहरुलाई अनुदान तथा पुरस्कार उपलब्ध गराउने प्रयोजनको लागिअनुदानको सिफारिस गर्न देहाय बमोजिमकोसमिति रहने छ ।

संयोजक - नगर प्रमुख

सदस्य - प्रमुख प्रशासकीय अधिकृत

सदस्य - आर्थिक बिकास क्षेत्र हेर्ने कार्यपालिका सदस्य

सदस्य-आर्थिक बिकास शाखा प्रमुख

सदस्य-आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य सचिव - पशु सम्बन्धी कार्यक्रम हेर्ने कर्मचारी

यस समितिको सिफारिसको आधारमा नगरपालिकाको कार्यालयले अनुदान रकम उपलब्ध गराउने छ ।

१४. दफा १३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. किसानको आवश्यक कागजात सहित दिएको निवेदन संकलन गर्ने ।

२. सामान्यतया निवेदन परेको ७ दिन भित्र सिफारिस गर्नु पर्ने ।

३. एकै किसानलाई उस्तै प्रकृतिको कामको लागी एक भन्दा बढी सिफारिस नगर्ने।

४.यो कार्यबिधि लागु हुनु भन्दा अगाडीदेखि उन्नत जातको गाईभैसी पालन गरिरहेका किसानलाई अनुदान बितरणमा प्राथमिकता दिने।

५. यस सम्बन्धी अन्य आवश्यक काम गर्ने ।

१५. अनुदानको व्यवस्था : अनुदानको व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) नगर कार्यपालिकाले बिनियोजनगरेको रकम

ख) नेपाल सरकारबाट प्राप्त अनुदान

ग) अन्यत्रबाट प्राप्त रकम

१६. अनुगमनःअनुदान प्राप्त गर्ने दुग्ध उत्पादक किसानहरु, कृषि फर्महरु, सहकारी संस्थाहरु, कृषिमा आधारित कम्पनीहरु र कृषि सम्बन्धि अन्य समुहहरुको अनुगमन यस नगरपालिका, अनुदान समिति र पशुसेवा प्राविधिकले गर्नेछ ।

१७.अनुदान भुक्तानी गर्ने बिधि :दुग्ध उत्पादक किसानहरु, कृषी फर्महरु, सहकारी संस्थाहरु, कृषिमा आधारित कम्पनीहरु र कृषि सम्बन्धि अन्य समुहहरुमा अवद्ध किसानहरुको निवेदनको आधारमा अनुदान समितिको सिफारिसमा दुधालु पशु खरिद, गोठ निर्माण, दुधजन्य उत्पादनको लागि आवश्यक मेशिनरी औजारहरुको खरिदमा नगरपालिका कार्यालयले अनुसूची-३ बमोजिम सम्झौता गरी अनुदान रकम बैंक खातामार्फत भुक्तानी गर्नेछ । दुधजन्य उत्पादनको लागि आवश्यक मेशिनरी औजारहरुको खरिद गर्दा मू.अ.करमा दर्ता भएकासंग मात्र कारोवार गर्नु पर्नेछ ।

१८. अनुदान प्राप्त किसान,फर्म, समुह,सहकारी, कम्पनीले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा नेपालको प्रचलित ऐन, कानून बमोजिम कारवाही गरी प्रदान गरिएको अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१९. अनुदान प्राप्त किसान,फर्म,समुह,सहकारी, कम्पनीहरु संग कार्यक्रम संचालनको लागि अनुसूची-३बमोजिम सम्झौता गरिनेछ ।

२०. बिबाद समाधानः यस कार्यबिधि अनुसार सम्पन्न गरिने कामको सिलसिलामा कुनै बिवाद वा भ्रम श्रृजना भएमा सोको निराकरणमा यस नगर कार्यपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

२० कार्यबिधि संशोधन तथा परिमार्जन गल्याङनगरकार्यपालिकाको कार्यालयले आबश्यक परिमार्जन एबं संशोधन गर्न सकिनेछ।

२१ खारेजी तथा बचाउ:गाई□भैसी पालन तथा मूल्यश्रृङ्खलामा आधारित अनुदान बितरण सम्बन्धी काम कार्यबाहीहरू यसै कार्यबिधि बमोजिम भए गरेको मानिने छ।

अनुसूची १

दफा ११ संग सम्बन्धित

निवेदनको ढाँचा

**दुधालु गाई□भैसी पालनमा अनुदान कार्यक्रम सम्बन्धी अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र**

श्री मान प्रमुख प्रशासकीय अधिकृत ज्यू
गल्याङ् नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, गल्याङ,स्याङ्जा

विषय : दुधाल गाईभैसी पालनमा अनुदान कार्यक्रम सहयोग उपलब्ध गराईदिने बारे।

महोदय,

उक्त अनुदान सहयोग प्राप्त गरी ............. ................. कार्य गर्न तिब्र ईच्छा भएको निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार यस नगरपालिका भित्र रही कार्य गर्नेछु । पुनश्चः तपशिल अनुसारका कागजातहरू यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिल :

- अनुसूची २ अनुसारको संक्षिप्त कार्य योजना ।
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।
- वडा कार्यालयको सिफारिस
- अन्य प्रमाणित प्रमाण पत्रहरू(तालिम, शैक्षिक योग्यता, अनुभवको प्रतिलिपिहरू)
- बैदेशिक रोजगारीबाट फर्केको भए सो को प्रमाण।
- फर्म खोलेको भए फर्मको दर्ता प्रमाण पत्र को प्रतिलिपि ।
- रू १० को टिकट।

निवेदक

नाम :

ठेगाना :

दस्तखत :

**अनूसुची २**
**दुधालु गाईभैसी पालनमा अनुदान सम्बन्धी कार्यक्रमको अवधारणको संक्षिप्त व्यावसायिक कार्य योजना**

कृषक लक्षित विशेष (गाईभैसी पालन) कार्यक्रम

गाईभैसी पालक कृषक,फर्म, सहकारी, समुह नाम : सम्पर्क नं.
ठेगाना : जिल्ला :
वडा नं.:
गाउपालिका/नगरपालिका :
गाईभैसी पालन गर्ने स्थान :
व्यावसायिक गाईभैसी पालन गरिने कार्य विवरण

| क्र.सं. | संचालन गरिने क्रियाकलाप | हाल गाईभैसी संख्या | थप गर्ने गाईभैसी संख्या | अनुदान सहयोग रू. | निजि लगानी रू. | जम्मा लगानी रू. | उत्पादन | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दै.दुग्ध | बिक्री गर्ने दुग्ध |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

गाईभैसीको जात :
गाईभैसीको संख्या : रागो साढेको संख्या :
गाईभैसी पालन पद्धति :
घास खेती गरेको/गरिने क्षेत्रफल/कति उत्पादान वा बिक्री वितरण गरेको
घासको किसिम :
डालेघासको किसिम र संख्या :
कृषक पारिवारिक महिला संख्या : पुरूष संख्या :
समुह, सहकारी,फर्म,संस्था, महिला संख्या जम्मा पुरूष संख्या :
उत्पादित वस्तुको बजार
अपेक्षित वार्षिक प्रतिफल..........
गाईभैसी पालक कृषक,फर्म, सहकारी, समुह नाम नाम

दस्तखत

अनुसूची३

दफा १८ संग सम्बन्धित

सम्झौता पत्रको ढाँचा

स्याङ्गजा जिल्ला गल्याङ्ग नगरपालिकाको तर्फबाट प्रतिनिधि .........................(प्रथम पक्ष) र स्याङ्गजा जिल्ला गल्याङ्ग नगरपालिका वडा नं................टोल / गाउँ ..............मा अवस्थित दुधालु पशु खरिद /गोठ निर्माण/दुधजन्य उत्पादनको लागी आवश्यक मेशिनरी औजारहरुको खरिदको गर्ने संस्था/फर्मको तर्फबाट प्रतिनिधि ...................................... (.दोश्रो पक्ष) बीच प्रथम पक्षबाट रु ............. (अक्षेरुपी ) अनुदान स्वरुप उपलब्ध गराईनेछ भने बाँकी रकम दोश्रो पक्ष आफैले लगानी गर्न पर्नेछ।

१। पहिलो पक्षले दोस्रो पक्षलाई व्यावसाय संचालनको लागि कार्य योजना अनुसार एककिस्तामा□कार्यविधी अनुसार सामाग्री वा सोझै नगद□ड्राफ्ट□चेक अनुदान स्वरूप उपलब्ध गराईने छ ।

२। दोस्रो पक्षले पहिलो पक्ष बाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरि आफुले आवेदन गरे अनुसारको पशु पालन व्यावसाय संचालन गर्ने छ ।

३। पहिलो पक्षले नियमित रूपमा व्यावसाय संचालन गरेनगरेको अनुगमन गर्ने छन् ।

४। गाईभैसी पालन गर्ने कृषकहरूले आफ्नो पशुको बिमा अनिवार्य गर्नु पर्नेछ ।

५। यस सम्झैतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपदमा पहिलो पक्ष जिम्मेवारी हुने छैन ।

६। यो अनुदान रकम प्राप्त कृषक,फर्म सहकारी, समुहले अनिवार्य रूपमा दुग्ध संकलन केन्द्रमा दुग्ध बिक्री गर्नु पर्नेछ ।

७। अनुदान प्राप्त गर्नु भन्दा अघि खरिद गरि ल्याईएको गाईभैसी अनिवार्य रूपमा पहिलो पक्ष लाई जानकारी गराउन पर्ने छ ।

८। दोस्रोपक्षले गाईभैसी खरीद गर्दा गल्याङ् नगरपालिका भन्दा बाहिर बाट खरिद गरि ल्याउन पर्ने छ ।

९। यस सम्झैतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| दोस्रो पक्ष | पहिलो पक्ष |
|---|---|
| नाम: | नाम: |
| सही: | सही: |
| पद: | पदं |

रोहबर

नाम:

पद: